# सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# ताम्कु, सङ्खुवासभा
१ नं.प्रदेश नेपाल

मिति:-२०७८/०५/२७

विषय :- करार कर्मचारी बिज्ञापन सम्बन्धमा ।

(टिप्पणी र आदेश)

श्रीमान,

प्रस्तुत बिषयमा सिलीचोङ गाउँपालिका, स्वास्थ्य शाखा अन्तर्गत नेपाल सरकारबाट स्विकृत दरबन्दी भित्रका स्वास्थ्य शाखामा कार्यरत स्टाफ नर्स एक जना, सिसुवा स्वास्थ्य चौकीमा कार्यरत अ.हेव. एक जना, गाउँ पालिकाले सिर्जना गरेको कङ्थुला सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत अ.न.मी.एक जना करार सेवामा नियुक्ति गरि कार्यरत रहेकोमा निजहरुले ब्यक्तिगत समस्या देखाई राजीनामा गरी रिक्त हुन आएको पद र सिलीचोङ गाउँपालिका, नेपाल नेत्र ज्योती संघ र तेज रत्न आँखा अस्पतालको संयुक्त लगानीमा ताम्कु प्राथमिक स्वास्थ्य केन्द्रमा संचालन हुने आँखा उपचार केन्द्र संचालनमा आवश्यक अप्थाल्मिक असिष्टेन्ट एक जना करार नियुक्तिका लागि सिलीचोङ गाउँपालिकाबाट आ.व. ०७८/७९ मा बिनियोजित रकमबाट कर्मचारीहरु भर्ना गरी सेवा सन्चालन गर्नका साथै अन्य स्वास्थ्य संस्थाहरुमा प्रभावकारी सेवा प्रदान गर्नु पर्ने आवश्यकता रहेको अवगत गराउन चाहन्छु ।

तसर्थ उक्त रिक्त रहेको पदमा कर्मचारीहरु नियुक्ति प्रकृयाको लागि सार्वजनिक रुपमा कर्मचारी आवश्यकता सम्बन्धी विज्ञापन आव्हान गरी पदपुर्ती गर्नुको लागि आजको मितिबाट लागु हुने गरी ७ दिनको म्याद राखी कर्मचारी आवश्यकता सम्बन्धी विज्ञापन प्रकाशन गर्नको लागि आवश्यक निर्णयार्थ श्री मान् समक्ष यो टिप्पणी आदेश पेश गर्दछु ।

| पेश गर्ने | सदर गर्ने |
|---|---|
| ............ | ............ |
| प्रविन राई | [illegible]बहादुर राई |

प्रमुख प्रशासकीय अधिकृत

# सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ताम्कु, सङ्खुवासभा
१ नं.प्रदेश नेपाल

पत्र संख्याः- ०७८/०७९ मितिः- २०७८/०५/२७
चलानी नं. ९४०

**बिषयः- करारमा कर्मचारी आवश्यकता सम्बन्धी सुचना ।**

(प्रथम पटक प्रकाशित मिति २०७८/०५/२७)

प्रस्तुत बिषयमा यस सिलीचोङ गाउँपालिकामा तपशिलका कर्मचारी करारमा नियुक्ति गर्नु पर्ने भएकोले प्रचलित कानुन अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुले सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा तोकिएको राजश्व तिरेको रसिद सहित आबेदन फारमको ढाँचामा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र. | बिज्ञापन नं. | पद | संख्या | पारिश्रमिक तथा अन्य सुबिधा | नियुक्तिका किसिम | दरखस्त दस्तुर | योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | १-०७८/७९ | अप्थाल्मिक असिप्टेन्ट (Opthalmic Assistant) | १ | नेपाल सरकारको नियमानुसार | करार | ७००।- | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अप्थाल्मिक असिष्टेन्ट कोर्ष (Opthalmic Assistant) उतिर्ण |
| २ | २-०७८/७९ | स्टाफ नर्स | १ | नेपाल सरकारको नियमानुसार | करार | ७००।- | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्टाफ नर्स कोर्ष उतिर्ण |
| ३ | ३-०७८/७९ | अ.न.मी. | १ | नेपाल सरकारको नियमानुसार | करार | ५००।- | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. कोर्ष उतिर्ण |
| ४ | ४-०७८/७९ | अ.हे.व. | १ | नेपाल सरकारको नियमानुसार | करार | ५००।- | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सि.एम.ए. कोर्ष उतिर्ण |

१. आबेदन फारम सिलिचोङ गाउँपालिकाको कार्यालयमा प्राप्त गर्न सकिने छ । साथै www.silichongmun.gov.np बाट फारम डाउन लोड गर्न सकिने छ ।

२.आबेदन दिने अन्तिम मिति २०७८/०६/०२ गते सम्म । (अन्तिम दिन सार्बजनिक बिदा परेमा बिदाको भोली पल्ट सम्म )

३.आबेदन बुझाउने स्थानः- सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय, सङ्खुवासभा साथै silichongrm@gmail.com मार्फत पनि आबेदन पेश गर्न सकिने छ ।

४.परीक्षाको किसिमः- आवश्यकता अनुसार लिखित, प्रयोगात्मक तथा अन्तबार्ता

५.सम्पर्क मितिः-दरखास्त समाप्त भएको मितिको भोली पल्ट मिति २०७८/०६/०३ गते

६.परीक्षा मितिः-कार्यालयले पछि निर्धारण गर्ने छ ।

७.ईमेल मार्फत आवेदन बुझाउने आबेदकहरुले सिलीचोङ गाउँपालिकाको एभरेष्ट बैंक शाखा कार्यालय सिलिचोङमा रहेको आन्तरिक राजश्व खाता नं. ०८४००१०६२०००११ मा दर्खास्त दस्तुर बुझाई भौचरको प्रतिलिपी समेत ईमेल मार्फत पठाउनु पर्नेछ ।

८.रित नपुगी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन ।

९.अनुभवी तथा स्थानीयलाई बिशेष प्राथमिकता दिईनेछ ।

**दर्खास्तका साथ पेश गर्नु पर्ने कागजातहरु**

१.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

२.आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपी

३.सेवा सम्बधि तालिम तथा अनुभवको प्रमाणपत्र ।

सम्पर्क नं.९७५२०००४००

.............................
भद्र बहादुर राई
नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत